बीउ बिजन प्रयोगशाला

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

## बीउ बिजन आत्मनिर्भर कार्यक्रममा सहभागी हुन आवेदन/प्रस्ताव पत्र आव्हान सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०७/२४**

यस प्रयोगशालाको आ.व. २०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रम अन्तरगत देहाय अनुसारका क्रियाकलापहरुमा सहभागि हुन चाहने चितवन, मकवानपुर, धादिङ्ग र काभ्रे जिल्लामा तोकिएका बीउ उत्पादन क्षेत्रभित्र क्रियाशिल कृषक समुह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा नीजि फार्म/कम्पनी हरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८०/०८/२३) गते भित्र आवेदन/प्रस्ताव पत्र बीउ बिजन प्रयोगशाला वा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा पेश गर्नु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। सुचना सम्वन्धि विस्तृत विवरण प्रयोगशालाको वेभसाइट तथा सम्वन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरुको सूचना पाटीबाट हेर्न सकिने छ। साथै कार्यक्रम संग सम्वन्धित स्विकृत कार्यविधि मन्त्रालयको वेभसाइट https://molmac.bagamati.gov.np/ वा प्रयोगशालाको वेभसाइट https://seedlab.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने छ।

तपशिल

| क्र.स. | कार्यक्रम/क्रियाकलापको नाम | इकाइ | परिमाण | जिल्ला तथा बीउ उत्पादनका लागि तोकिएका क्षेत्रहरु | अधिकतम सहजिकरण रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बीउ उत्पादन प्रवर्दन तथा क्षेत्र विस्तार सहयोग | | | | | |
| १.१ | बीउ उत्पादन प्रवर्दन तथा क्षेत्र बिस्तार सहयोगका लागी तरकारीको उन्नत बीउ एब उत्पादन सामग्री सहयोग । | हे. | १० | काभ्रे: तेमाल गा.पा. वार्ड न. १ र नमोवुद्ध न.पा. वार्ड न. ४ | बीउ विजन आत्म निर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ बमोजिम | |
| १.२ | नेपाली वर्ण शंकर धान तथा मकैको बीउ उत्पादन/प्रवर्द्धन | हे. | १० | | | |
| १.३ | बीउ उत्पादन प्रबर्दन तथा क्षेत्र बिस्तार सहयोगकालागी घासको श्रोत बीउ/उन्नत बीउ तथा उत्पादन सामागृ सहयोग । | हे. | १० | मकवानपुर: हेटौंडा उ.म.न.पा. वार्ड न.१८ चितवन: भरतपुर म.न.पा. वार्ड न. १३,१४ र २२<br>काभ्रे : खानीखोला गा.पा. वार्ड न. ६ | | |
| १.४ | बीउ उत्पादन प्रबर्दन तथा क्षेत्र बिस्तार सहयोगका लागी श्रोत बीउ/उन्नत बीउ तथा उत्पादन सामागृ सहयोग (खाध्यान्न बाली) | हे. | १०० | काभ्रे: मण्डनदेउपुर न.पा. वार्ड न. ४ र १०, पाँचखाल न.पा. को वार्ड न. १०, नमोवुद्द न.पा. को वार्ड न. ८ एंव पनौति न.पा.को वार्ड न. १,<br>धादिङ्ग: निलकण्ठ न.पा.-७, ८ र १२,<br>मकवानपुर: मकवानपुर गढी गा.पा. वार्ड न. ४, ५, ६ र ७ तथा बागमती गा.पा. वार्ड न. ६<br>चितवन: भरतपुर म.न.पा. वार्ड न. ६, १३, १४, १५, २१, २२ एंव माडी न.पा. वार्ड न. १, २, ४ र ५ | | |

पुनश्च :

- बीउ उत्पादन प्रवर्दन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरु सम्वन्धित जिल्लाका तोकिएका बीउ उत्पादन क्षेत्र भित्र कियाशिल कृषक समूह/कृषि सहकारी/ सामुदायिक बीउ बैंक/नीजि फार्म/कम्पनी हुनु पर्ने छ।

राजन ढकाल

कार्यालय प्रमुख

आवश्यक कागजातहरु

क. बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रममा सहभागिताका लागि कार्यविधिको अनुसुचि ६ "ख" बमोजिमको फर्मेटमा आवेदन

ख. सम्बन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

ग. श्रोत बीउ उत्पादन गर्न चाहने आवेदकको हकमा मुल बीउ उत्पादन इजाजत प्रमाण पत्रको प्रतिलिपि,

घ. स्थायी लेखा नम्बर/मु.अ.क.दर्ता प्रमाण पत्रको प्रतिलिपि,

ङ. श्रोत/उन्नत बीउ उत्पादन कार्यक्रममा सहभागी हुने कृषक समूह/कृषि सहकारी/ सामुदायिक बीउ बैंकको बैठकको माइन्युटको प्रतिलिपि

च. सामुहिक रुपमा बीउ उत्पादन गर्नेको हकमा बीउ उत्पादकहरुको जग्गाको कित्ता नं. एवं क्षेत्रफल सहितको सूची,

छ. सहकारी तथा निजि फार्म/कम्पनीको हकमा प्रचलित नियमानुसार गत आ.व. को लेखा परिक्षण प्रतिवेदन तथा कर छुट/कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ज. कार्यविधिको अनुसूची -७ अनुरुपको प्रतिबद्धतापत्र /स्वघोषणापत्र,

विस्तृत जानकारीका लागि

बीउ बिजन प्रयोगशाला हेटौंडा फोन ०५७-४१२५५१/४१३४५१/९८४५५५२५५२

प्रयोगशालाको वेभसाइट https://seedlab.bagamati.gov.np वा फेसवुक पेज https://www.facebook.com/seedlabbagamati

राजन ढकाल
कार्यालय प्रमुख